आज मिति २०८१ जेठ ३० गते बुधवारका दिन यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा नगरकार्यपालिकाको आ.व. २०८०/८१ को पन्ध्रौं बैठक बसी देहाय बमोजिमको निर्णयहरु पारित गरियो ।

| क्र.स | पद | नाम थर | हस्ताक्षर | कै. |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २ | उपप्रमुख | श्री मुरारी तामाङ | | |
| ३ | सचिव / प्रमुख प्रशासकीय अधिकृत | श्री शेर बहादुर बि.सी. | | |
| ४ | वडा अध्यक्ष | श्री रमेश कुमार लामिछाने | | |
| ५ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (२) | | |
| ६ | वडा अध्यक्ष | श्री रमेश डंगोल | | |
| ७ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (४) | | |
| ८ | वडा अध्यक्ष | श्री मदन गुरुङ | | |
| ९ | वडा अध्यक्ष | श्री शान्ता खनाल पौडेल | | |
| १० | वडा अध्यक्ष | श्री नरोत्तम राना | | |
| ११ | वडा अध्यक्ष | श्री रमेश खत्री (का.वा.) अनुपराई | | |
| १२ | वडा अध्यक्ष | श्री रामभक्त घिमिरे | | |
| १३ | वडा अध्यक्ष | श्री मचाकाजी महर्जन | | |
| १४ | वडा अध्यक्ष | श्री घनश्याम खड्का | | |
| १५ | न.का.स. | श्री सुनिता श्रेष्ठ परियार नेपाली | | |
| १६ | न.का.स. | श्री सायरा परियार | | |
| १७ | न.का.स. | श्री जगतमाया प्रजापती महर्जन | | |
| १८ | न.का.स. | श्री लिलादेवी अधिकारी | | |
| १९ | न.का.स. | श्री शान्ता राई | | |
| २० | न.का.स. | श्री प्रेम कुमार सुनुवार | | |
| २१ | न.का.स. | श्री सरिता घले | | |
| २२ | न.का.स. | श्री वच्चुराज वस्याल | | |

२३ का.आ. अध्यक्ष वडा ३ श्री हरिकृष्ण श्रेष्ठ -

२४) का. अ. अध्यक्ष वडा-४ श्री सरोज ठकुरी - Thakuri

| क्र. सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्वन्धमा | अघिल्लो नगर कार्यपालिका बैठकले पारित गरेका निर्णयहरुको कार्यान्वयन अवस्थावारे छलफल र समिक्षा गरियो । |
| २ | मध्यमकालिन खर्च संरचनाको प्रतिवेदन सम्वन्धमा | टोखा नगरपालिकाको मध्यमकालिन खर्च संरचना (आ.ब.२०८१/८२-२०८३/८४) तयारीको लागि परामर्शदाता श्री तिलोत्तमा ट्रेड एण्ड रिसर्च सेन्टर प्रा.लिसंग सम्झौता भएकोमा उक्त परामर्शदाताले पेश गरेको मध्यमकालिन खर्च संरचनाको प्रतिवेदन स्वीकृत गर्ने । |
| ३ | आर्थिक सर्वेक्षणको प्रतिवेदन सम्वन्धमा | टोखा नगरपालिकाको आर्थिक सर्वेक्षण तयारीको लागि परामर्शदाता श्री ग्लोवल सोसल रिसर्च एण्ड कन्सल्टेन्सी सर्भिस, काठमाडौंसंग सम्झौता भएकोमा उक्त परामर्शदाताले पेश गरेको आर्थिक सर्वेक्षण प्रतिवेदन स्वीकृत गर्ने । |
| ४ | आन्तरिक नियन्त्रण प्रणालीको प्रतिवेदन सम्वन्धमा | टोखा नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली तयारीको लागि परामर्शदाता श्री समिका रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टर प्रा.लि, ललितपुरसंग सम्झौता भएकोमा उक्त परामर्शदाताले पेश गरेको आन्तरिक नियन्त्रण प्रणाली स्वीकृत गर्ने । |
| ५ | वडा नं. ५ मा निर्माण भएको कल्की पार्कको अन्तिम भुक्तानी सम्वन्धमा | टोखा नगरपालिका र Devsingh/Amit/Bijayee J.V. वीच मिति २०७६/०८/२६ मा (ठेक्का नं. 04/NCB/TM/W/2076-77) कल्की नारायण परिषरमा पार्क निर्माण कार्यको लागि ठेक्का सम्झौता भई कार्यान्वयनमा रहेकोमा उक्त निर्माण कम्पनीले सम्झौता बमोजिम हाल सम्म ९४.४८ प्रतिशत कार्य सम्पन्न गरी आयोजनाको उदेश्य पुरा हुने देखिएको र सम्झौता बमोजिम थप काम गर्न फिल्डमा आवश्यक नरहेकोले निर्माण व्यवसायीले सम्पन्न गरेको ९४.४८ प्रतिशत कार्य स्वीकार गरी प्राविधिक नापी किताव बमोजिम अन्तिम बिल वापतको मूल्याङ्कन रकम रु. ७२,७१,२३९.९१ मध्ये सम्झौता/म्याद थप अवधि भित्र कार्य सम्पन्न नगरेको कारण हुन आउने L.D. (Liquidated Damage) वापत १० प्रतिशत रकम घटाई सम्वन्धित Devsingh/Amit/Bijayee J.V. लाई भुक्तानी उपलव्ध गराउन नगरपालिका प्रशासनलाई निर्देशन दिने । उक्त पार्क नगरपालिका मातहतल्याई स्थानीय वासीको हित अनुकूल हुने गरी नियमित रुपमा संचालन हुने व्यवस्था मिलाउने । |
| ६ | वडा नं. ६ र ७ मा निर्माण हुने सामुदायिक भवन/ ज्येष्ठ नागरिक भवनको विस्तृत परियोजना प्रस्ताव सम्वन्धमा | १. टोखा नगरपालिका वडा नं. ६ हात्तिचोक स्थित साविक धापासी गा.वि.स वडा नं. ४ सिट नं. १०२०९४६-०६, कि.नं. ७८ को सार्वजनिक जग्गामा सामुदायिक भवन निर्माणको विस्तृत परियोजना प्रतिवेदन तयारी कार्यको लागि परामर्शदाता श्री Ma.Chandewsori Nirman Sewa, Tokha-3. सँग सम्झौता भएकोमा उक्त परामर्शदाताले सम्झौता बमोजिम कार्य सम्पन्न गरी पेश गरेको विस्तृत परियोजना प्रतिवेदन स्वीकृत गरी सम्झौता बमोजिमको रकम सम्वन्धित संस्थालाई भुक्तानी उपलव्ध गराउने ।<br>२. टोखा नगरपालिका वडा नं. ७ भूतपूर्व प्रहरी संघ पछाडी साविक धापासी गा.वि.स वडा नं. ८ स्थित कि.नं.२को सार्वजनिक जग्गामा ज्येष्ठ नागरिक भवन निर्माणको विस्तृत परियोजना प्रतिवेदन तयारी कार्यको लागि परामर्शदाता श्री Ma.Chandewsori Nirman Sewa, Tokha-3. सँग सम्झौता भएकोमा उक्त परामर्शदाताले सम्झौता बमोजिम कार्य सम्पन्न गरी पेश गरेको विस्तृत परियोजना प्रतिवेदन स्वीकृत गरी सम्झौता बमोजिमको रकम सम्वन्धित संस्थालाई |

<table>
<tr><th>क्र. सं.</th><th>प्रस्ताव</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td></td><td></td><td>भुक्तानी उपलब्ध गराउने ।</td></tr>
<tr><td>७</td><td>नगरसभाको १५ औं अधिवेशन आव्हान सम्वन्धमा</td><td>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १९ र बागमती प्रदेशसभाबाट जारी भएको गाउँ/नगर/जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५ को दफा ३ बमोजिम टोखा नगरपालिका नगरसभाको १५ औं अधिवेशन बैठक मिति २०८१ असार ७ गते शुक्रबारका दिन दिनको १२:३० बजे नगरपालिकाको सभाहलमा बस्ने गरी आव्हान गर्ने ।</td></tr>
<tr><td>८</td><td>टोखा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यावसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम 'घ' वर्गको निर्माण व्यावसायी इजाजत पत्र प्रदान गर्ने ।</td><td>
<table>
<tr><th>सि.नं.</th><th>निर्माण व्यावसायीको नाम</th><th>व्यावसाय रहने वडा नं.</th><th>कै.</th></tr>
<tr><td>१.</td><td>सुनक कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.</td><td>टोखा न.पा-८</td><td></td></tr>
<tr><td>२.</td><td>एलिट इन्फ्रा सर्भिसेज प्रा.लि</td><td>टोखा न.पा ८</td><td></td></tr>
<tr><td>३.</td><td>एम.डी निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि</td><td>टोखा न.पा ९</td><td></td></tr>
<tr><td>४.</td><td>अंसारी निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि</td><td>टोखा न.पा ८</td><td></td></tr>
<tr><td>५.</td><td>पि.के. पाँचकन्या कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि</td><td>टोखा न.पा १०</td><td></td></tr>
<tr><td>६.</td><td>अह्तेशाम कन्स्ट्रक्सन प्रा.लि</td><td>टोखा न.पा ९</td><td></td></tr>
<tr><td>७.</td><td>सि.एण्ड.पी. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.</td><td>टोखा न.पा ९</td><td></td></tr>
<tr><td>८.</td><td>तेजस इन्जिनियरिङ्ग एण्ड बिल्डर्स प्रा.लि.</td><td>टोखा न.पा १०</td><td></td></tr>
<tr><td>९.</td><td>देउराली कन्स्ट्रक्सन</td><td>टोखा न.पा ८</td><td></td></tr>
<tr><td>१०.</td><td>कलरफुल बिल्डर्स प्रा.लि.</td><td>टोखा न.पा ६</td><td></td></tr>
<tr><td>११.</td><td>एसपार्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.</td><td>टोखा न.पा १०</td><td></td></tr>
<tr><td>१२.</td><td>रानाभाट कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.</td><td>टोखा न.पा ११</td><td></td></tr>
<tr><td>१३.</td><td>कैलाश मानसरोवर कन्स्ट्रक्सन प्रा.लि</td><td>टोखा न.पा ८</td><td></td></tr>
<tr><td>१४.</td><td>सुप्रभात इन्जिनियरिङ्ग कन्स्ल्टेन्ट एण्ड बिल्डर्स प्रा.लि.</td><td>टोखा न.पा ८</td><td></td></tr>
<tr><td>१५.</td><td>दरवार कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.</td><td>टोखा न.पा १</td><td></td></tr>
<tr><td>१६.</td><td>वागेश्वरी देवी कन्स्ट्रक्सन प्रा.लि.</td><td>टोखा न.पा ३</td><td></td></tr>
<tr><td>१७.</td><td>एन्जिला इन्जिनियरिङ्ग एण्ड बिल्ड प्रा.लि</td><td>टोखा न.पा १०</td><td></td></tr>
</table>
</td></tr>
<tr><td>९</td><td>वडा नं. ६ को सडक ओभरले तथा मर्मत ( ठेक्का नं. 19/NCB/TM/W/2078-79) सम्वन्धमा</td><td>टोखा नगरपालिका र Raniban Construction वीच मिति २०७८/०९/२६ मा वडा नं. ६ स्थित सडक ओभरले तथा मर्मत कार्यको लागि (ठेक्का नं. 19/NCB/TM/W/2078-79) योजना सम्झौता भई ३३.९७ प्रतिशत (भेरिएसन सहित) कार्य सम्पन्न भएकोमा स्थानीय वासिन्दाहरुले सो क्षेत्रमा पानीको बहाव बढी हुने कारण कालोपत्रेको सट्टा सडक ढलान गर्नु पर्ने माग राखी सम्झौता बमोजिमको बाँकी कार्य गर्न अवरोध गरेकोले स्थानीयको माग तथा सम्वन्धित वडाको सिफारिस समेतको आधारमा सम्झौता बमोजिम सम्पादन भएको कार्य (भेरिएसन भएको कार्य समेत संलग्न गरी) को प्राविधिक नापी कितावको आधारमा तयार भएको प्राविधिक मूल्याङ्कन बमोजिमको रकम सम्वन्धित निर्माण व्यवसायीलाई भुक्तानी गरी सार्वजनिक खरिद कानुन बमोजिम सार्वजनिक हितको लागि सुविस्ताको आधारमा उक्त खरिद सम्झौताको अन्त्य गर्ने ।</td></tr>
<tr><td>१०</td><td>विविध</td><td>१. नगरसभाको तेह्रौं/ चौधौं अधिवेशनबाट खर्च शिर्षक नं. ३११५९ (अन्य सार्वजनिक निर्माण) मा विनियोजित रकम मध्येबाट खर्च शिर्षक नं. ३११५१ ( सडक तथा पुल निर्माण) मा रु ४० लाख रकमान्तर गर्ने ।</td></tr>
</table>

| क्र. सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | २. टोखा नगरपालिका र पुष्पान्जली रालुकादेवी जे.भी., काठमाडौं वीच बानियाँटार पुल निर्माण (११ र ८ जोड्ने) (ठेक्का नं. 15/NCB/TM/W/2079-80) कार्य अन्तर्गत जम्मा रकम रु. ४१९६६७२/१२ (भ्याट र पि.एस. सहित) को भेरियसन स्वीकृत भई भेरिएसन आदेश जारी भएकोमा सो आदेश बमोजिम भएको कार्यको प्राविधिक नापी किताको आधारमा हुन आउने प्राविधिक मूल्याङ्कन बमोजिमको रकम निर्णय नं. १०(१) बमोजिम खर्च शिर्षक नं. ३११५१ (सडक तथा पुल निर्माण) मा रकमान्तर भएको रकम मध्येबाट सम्वन्धित निर्माण व्यवसायी पुष्पान्जली रालुकादेवी जे.भी., काठमाडौं लाई भुक्तानी उपलव्ध गराउने ।<br>३. सपनतिर्थ- विष्का जात्राको अवसरमा २०८१ वैशाख १ देखि ४ गते सम्म Trash to Treasure Kathmandu Pvt.Ltd, Taku ले घुम्ती शौचालय उपलव्ध गराए वापत उक्त प्रा.लिको विल अनुसारको रकम रु १३५६००/- Trash to Treasure Kathmandu Pvt.Ltd, Taku लाई खर्च शिर्षक नं. २२४१४ मा विनियोजित रकम मध्येबाट भुक्तानी उपलव्ध गराउने ।<br>४. एथलेक्टिक्स परिवार, नेपालको संयोजनमा अन्तर नगरपालिका राष्ट्रिय क्रसकन्ट्री दौड प्रतियोगिताको कार्यक्रम संचालन गरे वापत तेहौं नगरसभाको सि.नं. २६६ मा विनियोजित रकम मध्येबाट सम्वन्धित संस्थालाई कार्यक्रम संचालन सहायता वापत रु. ५० हजार सोधभर्ना भुक्तानी उपलव्ध गराउने ।<br>५. टोखा नगरपालिकामा नगर प्रहरी बल गठन तथा संचालन सम्बन्धी कार्यविधि, २०७९ को दफा ३१ बमोजिम टोखा नगरपालिकामा कार्यरत नगरप्रहरीहरुलाई उपलव्ध गराईएको पोशाक (सर्ट र पाईन्ट) परिवर्तन गरी सर्ट खैरो कलर र पाईन्ट गाडा हरियो कलरको हुने गरी ड्रेस संशोधन गर्ने ।<br>६. रामपुर कृषि क्याम्पस चितवनमा स्नातक तहमा अध्ययनरत छात्रा स्वस्तिमा श्रेष्ठलाई यस कार्यालयबाट पाउने छात्रवृत्तिको रकम निज वसोवास गरि आएको छात्रावास मिराकल ब्वाईज होस्टलको नाममा उपलव्ध गराउन नगरपालिका प्रशासनलाई निर्देशन दिने ।<br>७. नगरपालिका क्षेत्रमा रहेका एसईई दिई वसेका वालवालिकाहरुलाई भोकेस्नल तालिम संचालनको लागि रु ५ लाख तेहौं नगरसभाको सि.नं. ११६ मा विनियोजित रकम मध्येवाट विनियोजन गरी कार्यक्रम संचालन गर्ने गरी मिति २०८०-१२-२९ मा निर्णय भएकोमा उक्त विनियोजित रकम भुक्तानी सि.नं. ११६ लाई संशोधन गरी सि.नं. ९३ र १०४ मा विनियोजित रकम मध्येबाट सम्झौता बमोजिमको रकम भुक्तानी उपलव्ध गराउने<br>८. सार्वजनिक जग्गा संरक्षणको लागि नापजाँज भएका जग्गाहरुमा सिमेन्टको पोल राखे कार्यको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यरत कामदारहरुबाट सिमेन्ट पोल निर्माण कार्यको लागि कामदार ज्याला प्रधानमन्त्री रोजगार अन्तर्गत प्राप्त हुने रकम र आवश्यक सामाग्री खरिदका लागि तेहौं नगरसभाको सि.नं. २६८ मा विनियोजित रकम मध्येबाट रु ३२०८१०.१४ विनियोजन गर्ने ।<br>९. आयोजनाहरुलाई आयोजना वैकमा प्रविष्ट गर्नको लागि सहजिकरण गर्ने उदेश्यले तयार भएको Project Bank vedio निर्माणको सम्झौतानुसारको रकम रु. ९७५४२/- सूचना प्रणाली तथा सफ्टवेयर निर्माण शिर्षकबाट सम्वन्धित परामर्श दाता Let's Build E-Rastra लाई भुक्तानी उपलव्ध गराउने । |

| क्र. सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|

१०. जनप्रतिनिधिहरुको क्षमता विकास तालिम कार्यक्रममा खर्च भएको रकम मध्ये सम्वन्धित भुक्तानी हुन वाँकी रु २ लाख विविध भैपरी चालु खर्च शिर्षकबाट भुक्तानी उपलव्ध गराउने ।

११. नेपाल चलचित्र कलाकार संघले प्रकाशित गरेको वि.सं. २०८१ को भित्तेपात्रो (क्यालेन्डर) मा नगरपालिकाको जानकारी मूलक सूचना/ सन्देश प्रकाशन गरे वापतको रु २० हजार छपाई तथा सूचना प्रकाशन खर्च शिर्षकबाट सम्वन्धित संस्थालाई उपलव्ध गराउने ।

१२. टोखा नगरपालिकाको सभाहलमा जडान गर्ने प्रयोजनका लागि 100 sq.ft. भन्दा माथिको Interactive Board खरिद गर्ने भनि निर्णय भएकोमा सो को सट्टामा P2.5 Digital Led Board जडान गर्न तेहौं नगरसभाको सि.नं. २१० मा विनियोजित रकम मध्येबाट रु १० लाख भित्र खर्च गर्ने गरी खरिद प्रकृया अगाडि बढाउने ।

१३. किरात राई यायोक्खा, टोखा नगर कार्यसमितिको आयोजनामा मिति २०८१ असार ८ गते संचालन हुने यलेदोङ ५०८४ को अवसरमा साकेला सिली नाच एवं विविध कार्यक्रमको लागि तेहौं नगरसभाको सि.नं. २०७ मा विनियोजित रकम मध्येबाट रु ७५ हजार कार्यक्रम संचालन सहयोग उपलव्ध गराउने ।

१४. नेपाली परम्परागत मौलिक लोक भजन संस्कृति संरक्षण,संवर्द्धन र प्रवर्द्धन गर्ने उदेश्यले मिति २०८१ असार १ गते संचालन हुने राष्ट्रिय मौलिक लोक भजन प्रतियोगिता, २०८१ संचालनको लागि सम्वन्धित आयोजक संस्थालाई कार्यक्रम संचालन सहयोग वापत रु ४० हजार तेहौं नगरसभाको सि.नं. २०७ मा विनियोजित रकम मध्येबाट उपलव्ध गराउने ।

२७. तेहौं नगरसभाको सि.नं. ३२ मा आर्थिक विकास शाखा अन्तर्गत कृषि हाटबजार संचालन कार्यक्रम शिर्षकमा विनियोजित रकम मध्येवाट रु १ लाख र सि.नं. ३९ मा स्थलगत घुम्ती तालिम संचालन शिर्षकमा विनियोजित रकमबाट रु ८० हजार रकमान्तर गरी फलफुलका विरुवा वितरण कार्यक्रममा रु १ लाख ८० हजार थप गरी कार्यक्रम संशोधन एवं रकमान्तर गर्ने ।

१५. वडा नं. ५ वस्ने निलम पाण्डेले नगरपालिकाको आ.ब.२०७१/७२ देखि २०७४/७५ सम्मको आर्थिक ऐन संशोधन गरी घरजग्गा कर/ सम्पतिकरको दर संशोधन गरी कर असुलीको लागि माग गरेकोमा उल्लेखित आ.ब.हरुको आर्थिक ऐन संशोधन गर्न नमिल्ने भएकोले सोहि व्यहोरा सम्वन्धित व्यक्तिलाई जानकारी गराउने ।

१६. टोखा नगरपालिका भित्र रहेका सहकारी संस्थाहरुका पदाधिकारी/सदस्यहरु लगायत सरोकारवालाहरुलाई सहकारी संस्थाको क्षमता अभिवृद्धिका लागि डिजिटल शिक्षण तथा तालिम कार्यक्रम संचालनका लागि रकम रु ५ लाख आगामी नगरसभाबाट श्रोत सुनिश्चित हुने गरी विनियोजन गरी कार्यक्रम कार्यान्वय प्रकृया अगाडि बढाउने ।

१७. नगरपालिकाको विभिन्न पदाधिकारी/कर्मचारी/ कार्यालय प्रयोजनमा प्रयोग भै रहेका तपशिल वमोजिमका सवारी साधनहरुको मर्मत संभार वापतको रकम भुक्तानी उपलव्ध गराउने ।

| क्र.स | सवारीको विवरण | भुक्तानी गर्नु पर्ने रकम | सवारी प्रयोगकर्ता/ चालक/ मर्मत भएको पार्ट |
|---|---|---|---|
| १ | बा.प्र.०२-००१ ब | ११७९२.७६ | अमृत रिजाल |

| क्र. सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|

| | | | |
|---|---|---|---|
| | ४७४१ ( मोटरसाईकल) | | |
| २ | बा.प्र.०२-००१ ब. ४७३१ ( मोटरसाईकल) | ५१८७.९६ | उमेश श्रेष्ठ |

१८. टोखा नगरपालिकाको तेह्रौं नगरसभाको सि.नं.१ मा नगरप्रमुख उद्यमशिलता प्रविधि हस्तान्तरण कार्यक्रम शिर्षकको कार्यक्रम स्वीकृत भएको, टोखा नगरपालिकाको नगरसभाबाट स्वीकृत आ.ब.२०८०/८१ को नीति तथा कार्यक्रम अन्तर्गत नव उद्यमी सिर्जना तथा विद्यमान उद्यमीको स्तरोन्नती गर्न कानुन बनाई लागत साझेदारीमा प्रविधि हस्तान्तरण गर्ने नीति लिईएकोमा नीति/ कार्यक्रम बमोजिम हाल सम्म लागत साझेदारीमा प्रविधि हस्तान्तरण गर्ने सम्बन्धी कानुन नबनेको, उल्लेखित कानुन हाल सम्म नबन्दा नगरसभाबाट स्वीकृत आयोजना कार्यान्वयन हुन नसकेकोले कानुन निर्माण भए पश्चात् प्रविधि हस्तान्तरण सम्वन्धी कार्य सोहि कानुन बमोजिम हुने गरी हाललाई नीति/कार्यक्रमको मर्म बमोजिम नव उद्यमी सिर्जना गर्न तेह्रौं नगरसभाको सि.नं. १ मा स्वीकृत नगरप्रमुख उद्यमशिलता प्रविधि हस्तान्तरण कार्यक्रम शिर्षकको कार्यक्रम कार्यान्वयनको लागि उपलव्ध भएको मेसिन नियमित रुपमा संचालन गर्नुपर्ने, अन्य व्यक्ति/निकायलाई विक्री वितरण गर्न नपाईने, नियमित रुपमा संचालन भएको नपाईएमा नगरपालिकाले जुनसुकै वेला फिर्ता लिन सक्ने, स्थानीय रोजगारी सिर्जना गर्नु पर्ने जस्ता शर्तहरु तोकी सम्वन्धित उद्यमीको २० प्रतिशत र नगरपालिकाको ८० प्रतिशत लागत साझेदारी हुने गरी टोखा नगरपालिका वडा नं. २ स्थित सृजनशिल घरेलु उद्योग प्रा.लि लाई लागत साझेदारीमा घरेलु तानबाट ढाका, पटुका, चोली,साडी,खादा, सल लगायतका कपडाहरु उत्पादनका तान सेट/सिलाई मेसिन/ एवं अन्य उपकरण उपलव्ध गराउन सम्वन्धित समूहसंग प्रविधि हस्तान्तरण सम्वन्धी सम्झौता गरी प्रचलित सार्वजनिक खरिद कानुन बमोजिम कपडा बुन्ने तान सेट/सिलाई मेसिन/ एवं अन्य उपकरण खरिद गरी सम्वन्धित समूहलाई खरिद गरिएको मेसिन हस्तान्तरण गर्ने ।

१९. सिनेमा सर्कल नेपालको संयोजनमा सातौं एलजि सिने सर्कल अवार्ड, २०८० कार्यक्रम संचालन गरे वापत तेह्रौं नगरसभाको सि.नं. २६६ मा विनियोजित रकम मध्येबाट सम्वन्धित संस्थालाई कार्यक्रम संचालन सहायता वापत रु. ७५ हजार सोधभर्ना भुक्तानी उपलव्ध गराउने ।

२०. इ.स्क्वायर प्रा.लिको संयोजनमा कृषि, उद्यमशिलता र जलवायु परिवर्तन सम्वन्धि रियालिटि गेम शो RAW (Revolutionary Agriculture War) कार्यक्रम मार्फत टोखा नगरपालिकाको कृषि,उद्यमशिलता प्रवर्द्धन एवं ऐतिहासिक, धार्मिक, पर्यटकिय तथा गतिविधिहरुको प्रचार प्रशारका लागि इ. स्क्वायर प्रा.लिलाई रियालिटि गेम शो कार्यक्रम संचालनको लागि रु. २ लाख ५० हजार उपलव्ध गराउने ।

२१. टोखा नगरपालिकाका विपन्न, दलितहरुलाई स्वावलम्वन स्वरोजगार व्यावसायीक सवारी चालक तालिम/ प्रशिक्षण कार्यक्रमको लागि रु ५ लाख विनियोजन गर्ने ।

| क्र. सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | २२.टोखा नगरपालिका वडा नं. ९ का वडाध्यक्ष श्री रामभक्त घिमिरेको ममतामयी आमा स्व. राधिका घिमिरेको मिति २०८१ साल जेठ २५ असामयिक निधन भएकोले स्वर्गीय आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धान्जली सहित शोक प्रस्ताव पारित गर्ने । |